यो आकाशवाणी हो।... 26-09-25 शुक्रबार

मुख्य समाचार

- प्रधानमन्त्रीले महिलाहरूलाई केन्द्रमा राखेर सरकारले विभिन्न योजना र कार्यक्रमहरू शुरू गरेको दिनुभयो जानकारी
- राष्ट्रपतिले राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा प्रतिष्ठित राष्ट्रीय भूविज्ञान पुरस्कार-दुई हजार चौबीस प्रदान गर्नुभयो
- अमरीकाका राष्ट्रपति ड्रोनल्ड ट्रम्पले ब्राण्डेड दवाईहरूको आयातमा सय प्रतिशत कर सहित नयाँ शुल्क लगाउने गर्नुभयो घोषणा
- उत्तर प्रदेशका **मुख्यमन्त्रीले** सबै बालबालिका-का लागि गुणवत्तापूर्ण शिक्षा सुनिश्चित गर्न एकजुटताका साथ समेकित प्रयासको आवश्यकतामा बल दिनुभयो, अनि
- केन्द्रीय गृह मन्त्रीले पश्चिम बंगालमा 'परिवर्तन'को गर्नुभयो आह्वान । **अब समाचार विस्तारमा।**

**संशो प्रधानमन्त्री-बिहार योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो, उहाँको सरकारले महिलाहरूलाई केन्द्रमा राखेर केही योजना र कार्यक्रमहरू शुरू गरेकोछ, जसले समाजका सबै वर्गलाई लाभ भएको छ। प्रधानमन्त्रीले घोषणा गर्नुभयो , यस योजना अन्तर्गत, पचहत्तर लाख भन्दा अधिक महिला लाभार्थीहरूलाई उनीहरूको ब्याङ्क खातामा दस –दस हज़ार रुपियाँको सीधा हस्तान्तरण प्राप्त भएकोछ। उहाँले भन्नुभयो, यसको नींव एघाह्र साल पहिले प्रधानमन्त्री जन धन योजनाका माध्यमले राखीएको थियो, जसले गर्दा महिलाहरूको लाखौं ब्याङ्क खाता खोलिन सकियोस । उहाँले ज़ोर दिनुभयो, बिना कुनै भ्रष्टाचार, महिलाहरूको खातामा सीधा सहायता राशि हस्तान्तरित गरिदैछ।

मुख्यमन्त्री महिला रोज़गार योजनालाई नवरात्रिको उपहार बताउँदै, प्रधानमन्त्रीले विश्वास व्यक्त गर्नुभयो, डबल इन्जन सरकारको प्रयासले, बिहारमा लखपति दीदीहरूको संख्या सबैभन्दा अधिक हुनेछ। उहाँले भन्नुभयो , केन्द्रले तीन करोड़ महिला उद्यमीहरूलाई तयार गर्ने लक्ष्य राखेको छ र दुई करोड़ भन्दा धेरै महिलाहरू गाउँमा उदाएर आइसकेका छन्, जसले समाज र परिवारमा बदलाव आएको छ।

## 58 संशो राष्ट्रपति भूविज्ञान पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मुले आज नई दिल्ली स्थित राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा प्रतिष्ठित राष्ट्रीय भूविज्ञान पुरस्कार-दुई हजार चौबीस  प्रदान गर्नुभयो । राष्ट्रीय भूविज्ञान पुरस्कार भूविज्ञान क्षेत्रमा देशका सबैभन्दा पुरानो र प्रतिष्ठित सम्मानहरूमा एक हो । पुरस्कार विजेताहरूलाई बधाई दिँदै ,राष्ट्रपतिले भन्नुभयो, यो पुरस्कार भूविज्ञानको क्षेत्रमा उहाँको प्रतिबद्धता, नवाचार र उत्कृष्टतालाई सम्मानित गर्नका लागि दिइन्छ । राष्ट्रपति मुर्मुले भन्नुभयो खनिजले मानव सभ्यताको विकासमा महत्वपूर्ण भूमिका निभाएकोछ र उद्योगीहरूको आधारशिला राखेकोछ । उहाँले भन्नुभयो , कोइला र फलाम बिना औद्योगीकरणको कल्पना गर्नसकिदैन ।

राष्ट्रपतिले **भूवैज्ञानिकहरूको** भूमिका केवल खनन सम्म सीमित नरहेर भू-पर्यावरणीय स्थिरतामा खननको प्रभावमा पनि ध्यान दिने  आवश्यकता रहेको बताउनुभयो । उहाँले खनिज उत्पादको **मूल्यवर्धन** र **अपव्यय-लाई** कम गर्नका लागि प्रौद्योगिकी विकास र उपयोगको आवश्यकतामा बल दिनुभयो । राष्ट्रपति मुर्मुले बताउनुभयो, खान मन्त्रालय स्थिरता र नवाचारका लागि प्रतिबद्ध छ र खनन उद्योगमा ए. आई, मशीन लर्निङ्ग र ड्रोन-आधारित सर्वेक्षणहरूलाई बढ़ावा दि रहेकोछ।

## ट्रम्प नए शुल्क

अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्राण्डेड दवाईहरूको आयातमा सय प्रतिशत कर सहित नयाँ शुल्क लगाउने घोषणा गर्नुभयो । जो कम्पनीहरूले अमरीकामा यस्तो दवाईहरू बनाउँछ उनमा यो शुल्क लाग्नेछैन । हेवी ड्यूटी ट्रकमा पचिस  प्रतिशत र किचन तथा बाथरूम क्याबिनेटमा पचास प्रतिशत शुल्क लगाउने घोषणा गरिएकोछ । यो फेसला अमरीकी उद्योगीहरूलाई विदेशी उत्पादको बाढ़बाट बचाउनका लागि गरिएको हो । गद्देदार फर्नीचरमा अगिलो हप्ताह देखि तिस प्रतिशत शुल्क लाग्नेछ। अमरीकी कारोबारीहरू र **चेम्बर अफ कमर्सले** यस्तो शुल्कको कड़ा विरोध गर्दै भनेकोछ, अमरीका, मेक्सिको र कनाड़ा जस्तो निकट सहयोगीहरूमा निर्भर छ ।

**समाचार आकाशवाणीबाट सुन्नुहुँदैछ।**

## 71 उत्तर प्रदेश - छात्रवृत्ति

उत्तर प्रदेशका **मुख्यमन्त्री योगी आदित्यनाथ-ले** आज सबै बालबालिका-का लागि गुणवत्तापूर्ण शिक्षा सुनिश्चित  गर्न एकजुटताका साथ समेकित प्रयासको आवश्यकतामा बल

दिनुभयो। उहाँले लखनऊको एउटा कार्यक्रममा यस्तो भन्नुभएको हो। यस कार्यक्रममा राज्यका चार लाख भन्दा अधिक विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरियो । सरकारको पहलहरूको उल्लेख गर्दै मुख्यमन्त्रीले भन्नुभयो, दुई हजार आठ सय पचिस करोड़ रूपियाँको छात्रवृत्ति दुई हजार पचिस छब्बिसमा केवल वन्चित समूहका विद्यार्थीलाई दिइएकोछ । दुई हजार सत्र देखी दुई हजार पचिस बीच दुई करोड भन्दा अधिक विद्यार्थी विभिन्न छात्रवृत्ति योजनाले लाभान्वित भएकाछन् ।

## 55 अमित शाह - कोलकाता

केन्द्रीय गृह मन्त्री अमित शाहले आज पश्चिम बंगालमा 'परिवर्तन'को आह्वान गर्नुभयो । श्री शाहले कोलकाताको Santosh Mitra Square स्थित दुर्गा पूजा पण्डालको यात्रा गर्नुभयो, जहाँ लेज़र शोका माध्यमले अपरेशन सिन्दूरको प्रदर्शन गरियो । उहाँले पश्चिम बंगालका मानिससंग एक सुरक्षित, शान्तिपूर्ण र समृद्ध राज्य बनाउने दिशामा काम गर्ने आग्रह पनि गर्नुभयो । उहाँले महान समाज सुधारक पण्डित ईश्वर चन्द्र विद्यासागरलाई उहाँको दुई सय छऔं जयन्तीमा श्रद्धान्जलि पनि अर्पण गर्नुभयो । श्री शाहले कालीघाट मन्दिरमा पनि पूजा गर्नुभयो भने कोलकाताको साल्ट लेक स्थित पूर्वी क्षेत्रीय सांस्कृतिक केन्द्रमा एउटा अर्को पूजा पण्डालको उद्घाटन गर्नुभयो ।

## भारत-रूस कृषि

केन्द्रीय कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा रूसका उप-प्रधानमन्त्री **दिमित्री पात्रुशेव**-का साथ बैठक गर्नुभयो । दुबै नेताले कृषि र खाद्य सुरक्षाको क्षेत्रमा परस्पर सहयोगमा चर्चा गर्नुभयो । यी क्षेत्रहरूमा सहयोग बढाउनाले दुबै देशका किसान, उपभोक्ता र नागरिकलाई लाभ हुनेछ । श्री शिवराज सिंह चौहानले संवाददाताहरू संग बातचीतमा भन्नुभयो , भारत, रूसलाई कीट-मुक्त अनाज र आलूको निर्यात बढ़ाउनका लागि उत्सुक छ । उहाँले बताउनुभयो, मत्स्य पालन र कुखुरा पालनको निर्यात संभावनाहरूमा पनि चर्चा गरियो ।

विज्ञान एवं प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले भन्नुभएकोछ, पछिलो एघाह्र वर्षमा भारत एक प्रौद्योगिकी-सन्चालित राष्ट्र बनेकोछ । वैज्ञानिक एवं औद्योगिक अनुसन्धान परिषद, नयाँ दिल्लीको चौरासीऔं स्थापना दिवसमा आयोजित एउटा कार्यक्रमलाई सम्बोधित गर्दै, डा. सिंहले भन्नुभयो, दुई हजार सैतालिस सम्म विकसित भारतको लक्ष्य प्राप्त गर्नमा प्रौद्योगिकीले महत्वपूर्ण भूमिका निभाउनेछ । उहाँले प्यारासिटामल र देशको पहिलो एन्टीबायोटिक **नेफिथ्रोमाइसिन**-को उत्पादन हेतु स्वदेशी तकनीक विकसित गर्नका लागि सी.एस.आई.आरको सराहना गर्नुभयो ।

**आयुष-बैठक**

आयुष मन्त्री प्रताप राव जाधवले आयुर्वेद प्रशिक्षण मान्यता बोर्डको प्रगतिको आकलनका लागि आज उच्चस्तरीय समीक्षा बैठक गर्नुभयो । मंत्रालयले बताएकोछ, बोर्डले एक सय तेह्र आयुर्वेद प्रशिक्षण पाठ्यक्रमहरूलाई मान्यत ा दिएकोछ । इनमा चौबीस भारतीय संस्थानहरूको उनान्सय पाठ् यक्रम र द ुई देशको चौध अन्तरराष्ट्रीय पाठ्यक्रम शाम ेल छ । य ो पाठ्यक्रमले वैश्विक स ्तरमा आयुर्वेद शिक्षाको मानकीकरण र विश्वसनीयतामा योगदान द िन्छ।

मौसम विभागले आन्ध्र प्रदेश, ओडिशा र तेलंगानाका धेरै दुर्गम तटीय क्षेत्रहरूमा मुसलधारे वर्षा हुने भन्दै अरेन्ज अलर्ट जारी गरेको छ। विभागले छत्तीसगढ, कर्नाटका, केरल, माहे, कोंकण, गोवा, लक्षद्वीप, महाराष्ट्र, तमिलनाडु, पुदुचेरी र कराईकलमा भोलिसम्म भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्रीले महिलाहरूलाई केन्द्रमा राखेर सरकारले विभिन्न योजना र कार्यक्रमहरू शुरू गरेको दिनुभयो जानकारी
- राष्ट्रपतिले राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा प्रतिष्ठित राष्ट्रीय भूविज्ञान पुरस्कार-दुई हजार चौबीस प्रदान गर्नुभयो
- अमरीकाका राष्ट्रपति ड ्रोनल्ड ट्रम्पले ब्राण्डेड दवाईहरूको आयातमा सय प्रतिशत कर सहित नयाँ शुल्क लगाउने गर्नुभयो घोषणा
- उत्तर प्रदेशका **मुख्यमन्त्रीले** सबै बालबालिका-का लागि गुणवत्तापूर्ण शिक्षा सुनिश्चित गर्न एकजुटताका साथ समेकित प्रयासको आवश्यकतामा बल दिनुभयो, अनि
- केन्द्रीय गृह मन्त्रीले पश्चिम बंगालमा 'परिवर्तन'को गर्नुभयो आह्वान ।